राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक १० २०८३ साउन १३ गते बुधवार (29 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## प्रधानमन्त्री बालेन शाहलाई भारत भ्रमणको निम्तो



दैनिक समाचारदाता
जनकपुरधाम, १२ साउन । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले नेपालका प्रधानमन्त्री बालेन्द्र शाहलाई भारत भ्रमणको निम्तो दिइसकेको बताएका छन् ।

उनले विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन् । कहिले भ्रमण हुने र कहिलेको लागि दिएको भन्ने चाहिँ उनले खुलाएका छैनन् । पत्रकारले हालै नेपाली अधिकारीले भारत भ्रमण गरेको र त्यो प्रधानमन्त्री बालेन्द्र शाहको भ्रमणको सन्दर्भमा रहेको भन्दै यसबारे प्रश्न गरेका थिए । उक्तप्रश्नको जवाफमा प्रवक्ता जैसवालले भने,'पहिलो प्रश्नकोबारेमा म जानकार छैन । नेपालका प्रधानमन्त्रीको भ्रमणकोबारे निमन्त्रणा गइसकेको छ ।'

प्रधानमन्त्री शाहका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेनले केही साता अघि भारत भ्रमण गरी भारतीय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेट गरेको खबर थियो । यो प्रसंगतर्फ इंगित गर्दै पत्रकारले सोधेको प्रश्नमा प्रवक्ता जैसवालले त्यसबारे आफूलाई जानकारी नरहेको बताएका थिए।

## जनकपुरका सात पोखरीबाट अतिक्रमण हटाइँदै

दैनिक समाचारदाता
जनकपुरधाम, १२ साउन। जनकपुरधामका ऐतिहासिक तथा सार्वजनिक पोखरी संरक्षण अभियानलाई अघि बढाउने उद्देश्यले गुठी संस्थानका प्रशासक शैलेशराज कुँवर नेतृत्वको टोली मंगलबार जनकपुरधाम पुगेको छ। जनकपुरधाम उपमहानगरपालिकामा आयोजित भेटघाट कार्यक्रममा नगरप्रमुख मनोजकुमार साह, प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरे तथा कार्यपालिका सदस्य राकेशविक्रम साहले गुठी संस्थानको टोलीलाई स्वागत गरेका थिए।

भेटका क्रममा जनकपुरधामभित्र रहेका गुठीका जग्गा तथा ऐतिहासिक पोखरीहरूको संरक्षण, अतिक्रमण हटाउने प्रक्रिया र आगामी कार्ययोजनाबारे विस्तृत छलफल भएको उपमहानगरपालिकाले जनाएको छ।



उपमहानगरपालिकाका अनुसार मंगलबार बस्ने संयुक्त बैठकपछि पहिलो चरणमा रेखाङ्कन सम्पन्न भइसकेका सातवटा पोखरी क्षेत्रबाट बुधबारदेखि अतिक्रमण हटाउने अभियान सुरु गरिने तयारी गरिएको छ। पोखरी क्षेत्रको संरक्षण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणका लागि गुठी संस्थान र जनकपुरधाम उपमहा नगरपालिकाबीच समन्वयात्मक रूपमा अभियान सञ्चालन गरिने जनाइएको छ। स्थानीय सरकारले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका पोखरीहरूको संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कानुनी प्रक्रिया अघि बढाइने जनाएको छ।

# नारायणी अस्पतालका ६८ चिकित्सकको सामूहिक राजीनामा

दैनिक समाचारदाता
जनकपुरधाम, १२ साउन । वीरगञ्जस्थित नारायणी अस्पतालका ६८ जना चिकित्सकले सामूहिक राजीनामा दिएका छन्।

अस्पतालका प्रवक्ता तथा सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार अस्पतालमा कार्यरत ६८ जना चिकित्सकले मेडिकल सुपरिन्टेन्डेन्ट डा. चित्तरञ्जन साहसमक्ष सामूहिक राजीनामा बुझाएका हुन्।

गत साउन ८ गते नारायणी अस्पतालमा कार्यरत डा. प्रमोद राममाथि कुटपिट हुनुका साथै अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमण र अस्पतालमा तोडफोड भएको थियो। घाइते डा. रामको हाल काठमाडौंस्थित राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ। उक्त घटनापछि चिकित्सकहरूले आकस्मिकबाहेकका सेवा बन्द गर्दै आन्दोलन गरिरहेका छन्।

डा. सिंहका अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार आकस्मिक सेवा सञ्चालन गर्न आग्रह गरेपछि चिकित्सकहरू वार्ताका लागि सकारात्मक भएका थिए। चिकित्सकमाथि आक्रमण गर्नेहरूलाई पक्राउ गरी कानुनी कारबाही गरिने आश्वासनपछि उनीहरू जिल्ला प्रशासन कार्यालय, पर्सामा वार्ताका लागि पुगेका थिए। तर, वार्ताका क्रममा वातावरण तनावपूर्ण बनेको डा. सिंहले बताए। उनका अनुसार नेपाल चिकित्सक संघका एक प्रतिनिधिले दोषीमाथि कारबाही नभए प्रशासनिक नेतृत्वको समेत राजीनामा माग्न सकिने धारणा राखेपछि प्रमुख जिल्ला अधिकारी आक्रोशित भएका थिए।

डा. सिंहले भने, “त्यसपछि प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखले चिकित्सकप्रति अपशब्द प्रयोग गर्दै प्रहरीलाई नियन्त्रणमा लिन निर्देशन दिनुभयो। वार्ताबाट बाहिरिने क्रममा प्रहरी परिचालन गरी चिकित्सकहरूलाई घेरा हालेर कार्यालयभित्र लगियो र करिब एक घण्टा नियन्त्रणमा राखियो। हामीलाई अपराधीसरह व्यवहार गरियो। त्यसपछि यस्तो वातावरणमा काम गर्न नसकिने निष्कर्षमा पुगेका हौं।”

उनका अनुसार प्रशासनको उक्त व्यवहारपछि सरकारी चिकित्सकहरूले सामूहिक राजीनामा दिने निर्णय गरेका हुन्। यसैबीच, नारायणी अस्पतालमा भएको घटनाको विरोधमा नेपाल चिकित्सक संघले मंगलबार देशभरका स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सेवा बन्द गर्ने घोषणा गरेको छ।




## स्वास्थ्य सेवा अवरुद्ध नगर्न मानव अधिकार आयोगको आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले देशभर नियमित स्वास्थ्य सेवा बन्द हुँदा नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको उपभोगमा परेको असर प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

नारायणी अस्पताल, वीरगञ्जका चिकित्सक डा. प्रमोद राममाथि भएको कुटपिट तथा अस्पतालमा भएको तोडफोडको घटनाको विरोधमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले सोमबार देशभर आकस्मिक सेवाबाहेकका स्वास्थ्य सेवा बन्द गरेका छन्।

आयोगका सहसचिव एवं प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार आयोगले उक्त घटनाका सम्बन्धमा स्थलगत अनुगमनसमेत गरेको छ।

आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “स्वास्थ्य सेवामा अहोरात्र खटिने चिकित्सकमाथि कुटपिट हुनु तथा अस्पतालमा तोडफोड गरिनु निन्दनीय कार्य हो। यस्ता घटनाले अराजकतालाई प्रश्रय दिनुका साथै कानुनको शासनमाथि चुनौती सिर्जना गर्छ।“

विज्ञप्तिमा थप भनिएको छ, “यही घटनाको विरोधस्वरूप चिकित्सकहरूले आकस्मिक सेवाबाहेकका स्वास्थ्य सेवा बन्द गर्दा धेरै बिरामी उपचारबाट वञ्चित भएको पाइएको छ।“

आयोगले स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवा बन्द गर्नु नेपालको संविधानको धारा ३५ ले सुनिश्चित गरेको स्वास्थ्यसम्बन्धी मौलिक हक, उपभोक्ताको अधिकारसम्बन्धी सर्वमान्य सिद्धान्त तथा प्रचलित कानुनविपरीत रहेको उल्लेख गरेको छ। यस्तो कार्यबाट आमनागरिकको स्वास्थ्यसम्बन्धी अधिकार कुण्ठित भएको आयोगको ठहर छ।

आयोगले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन नेपाल सरकारलाई निर्देशन दिएको छ। साथै, स्वास्थ्य सेवा अवरुद्ध हुँदा लाखौं नागरिकको जीवन जोखिममा पर्न सक्ने भएकाले सेवा तत्काल सुचारु गर्न, विरोधका कार्यक्रम सञ्चालन गर्दा आमनागरिकको स्वास्थ्यमा असर नपर्ने वैकल्पिक उपाय अपनाउन तथा वार्तामार्फत समस्याको समाधान खोज्न आयोगले नेपाल सरकार, आन्दोलनरत चिकित्सक, मृतकका परिवार तथा सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ।


## सुन तोलामा ४ हजार ३ सय रुपैयाँ घट्यो

दैनिक समाचारदाता
काठमाडौं, १२ साउन । मंगलबार सुनको मूल्य तोलामा ४ हजार ३ सय रुपैयाँ घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले यस दिनका लागि सुनको मूल्य प्रतितोला २ लाख ८४ हजार २ सय रुपैयाँ तोकेको छ ।


अघिल्लो दिन २ लाख ८८ हजार ५ सय रुपैयाँ थियो । गत मंगलबार सुनको भाउ २ लाख ८५ हजार ६ सय रुपैयाँ थियो ।

त्यस्तै चाँदीको मूल्य अघिल्लो दिनको तुलनामा प्रतितोला १३५ रुपैयाँ घटेको छ । अघिल्लो दिन प्रतितोला ४ हजार ४४५ रुपैयाँ रहेको चाँदी आज ४ हजार ३१० रुपैयाँ कायम भएको छ । गत बिहीबार चाँदीको भाउ ४ हजार ३७० रुपैयाँ थियो ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# सम्पादकीय

## हिंसाले होइन न्यायले निकास खोजौं

प्रहरीको गोली लागेर एक युवाको मृत्यु हुनु दुःखद घटना हो । यस्तो घटनाले पीडित परिवार, स्थानीय समुदाय र समग्र समाजलाई गहिरो पीडा दिन्छ । त्यसैले घटनाको सत्यतथ्य सार्वजनिक हुनु, निष्पक्ष छानबिन हुनु र दोषीमाथि कानुनी कारबाही हुनु न्यायको पहिलो सर्त हो । तर, न्यायको खोजीका नाममा हिंसा, आगजनी र तोडफोडको बाटो रोजिनु कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन । विध्वंसले कहिल्यै कसैको हित गर्दैन।

सुनसरीको देवानगञ्जमा भएको घटनापछि सुरु भएको आन्दोलन हिंसात्मक बन्दै जानु चिन्ताको विषय हो । घर, पसल, सवारीसाधन तथा सार्वजनिक सम्पत्तिमा आगजनी, सर्वसाधारणमाथि आक्रमण, बजार बन्द र राजमार्ग अवरोधजस्ता गतिविधिले वास्तविक मुद्दाभन्दा बढी भय, असुरक्षा र सामाजिक विभाजन सिर्जना गर्छन्। आन्दोलनको उद्देश्य न्याय प्राप्त गर्नु हो भने त्यसको स्वरूप पनि न्यायसंगत र मर्यादित हुनुपर्छ। हिंसाले न्यायको आवाजलाई बलियो बनाउँदैन, बरु कमजोर बनाउँछ ।

यस्ता घटनाले अर्को गम्भीर प्रश्न पनि उठाउँछन । प्रहरीले गोली चलाउनुपर्ने अवस्था किन आयो ? बल प्रयोग अन्तिम विकल्प हुनुपर्ने लोकतान्त्रिक मान्यतालाई व्यवहारमा कत्तिको पालना गरियो ? गोली चलाउनु अघि सबै वैकल्पिक उपाय अपनाइएका थिए वा थिएनन् ? यी प्रश्नको निष्पक्ष र विश्वसनीय उत्तर राज्यले दिनैपर्छ। कुनै पनि नागरिकको ज्यान जाने अवस्था राज्यका लागि पनि आत्मसमीक्षाको विषय हो। त्यसैले सत्य लुकाउने होइन, पारदर्शी अनुसन्धानमार्फत जनविश्वास कायम गर्ने दायित्व सरकारको हो।

अर्कोतर्फ, आक्रोशित भीडले कानुन आफ्नो हातमा लिन खोज्नु पनि उत्तिकै खतरनाक प्रवृत्ति हो। निजी सम्पत्तिमा आगजनी गर्ने, निर्दोष नागरिकमाथि आक्रमण गर्ने वा सार्वजनिक संरचनामा क्षति पुऱ्याउने कार्यले आन्दोलनको नैतिक बल समाप्त पार्छ। यसको सबैभन्दा ठूलो मार दैनिक ज्यालादारी गर्ने मजदुर, साना व्यवसायी, विद्यार्थी, बिरामी र सर्वसाधारणले व्यहोर्नुपर्छ। अन्ततः क्षति आफ्नै समाज र आफ्नै समुदायको हुन्छ।

यस्तो संवेदनशील अवस्थामा राजनीतिक दल, स्थानीय जनप्रतिनिधि, नागरिक समाज, धार्मिक तथा सामुदायिक अगुवाहरूको भूमिका झन् महत्वपूर्ण हुन्छ। उनीहरूले उत्तेजना होइन, संयमको सन्देश दिनुपर्छ। जनभावनालाई हिंसातर्फ होइन, संवाद र कानुनी प्रक्रियातर्फ डोऱ्याउन सक्नुपर्छ। प्रशासनले पनि नागरिकको मौलिक अधिकारको सम्मान गर्दै शान्ति सुरक्षा कायम राख्न आवश्यक संयमता अपनाउनुपर्छ। सुरक्षा व्यवस्थाका नाममा अनावश्यक बल प्रयोग र आन्दोलनका नाममा अराजक गतिविधि–दुवै लोकतान्त्रिक मूल्यविपरीत हुन्।

नेपाल विविध समुदाय, भाषा, धर्म र संस्कृतिको साझा देश हो। सामाजिक सद्भाव हाम्रो सबैभन्दा ठूलो शक्ति हो। कुनै एउटा घटनालाई बहाना बनाएर समुदायबीच अविश्वास र द्वन्द्व बढाउने प्रयास दीर्घकालीन रूपमा राष्ट्रकै लागि घातक बन्न सक्छ। त्यसैले अहिले सबैभन्दा आवश्यक कुरा प्रतिशोध होइन, न्याय; उत्तेजना होइन, विवेक; र विध्वंस होइन, संवाद हो।

संयम, संवाद र जिम्मेवारीपूर्ण व्यवहार नै सभ्य समाजको परिचय हो। थप जनधनको क्षति हुन नदिन सबै पक्षले धैर्यता, विवेक र सहकार्यका साथ अघि बढ्न आवश्यक छ। तत्कालीन आवेगभन्दा माथि उठेर समस्याको न्यायोचित, दिगो र शान्तिपूर्ण समाधान खोज्नु आजको अपरिहार्य आवश्यकता हो। राज्यले निष्पक्ष न्याय सुनिश्चित गर्नुपर्छ, आन्दोलनरत पक्षले शान्तिपूर्ण अभिव्यक्तिको बाटो रोज्नुपर्छ, र समाजका सबै पक्षले सामाजिक सद्भाव जोगाउने साझा जिम्मेवारी निर्वाह गर्नुपर्छ। यही बाटोले मात्र पीडितले न्याय पाउने, समाजले शान्ति पाउने र लोकतन्त्रले आफ्नो वास्तविक अर्थ प्राप्त गर्नेछ।

# मिडियाप्रति अनुदार अभ्यास

*विपुल पोखरेल*

पत्रकारिता भनेको के हो ? यसका मूल्य-मान्यता के हुन् ? पत्रकारिता किन आवश्यक छ ? अनि मूल्य-मान्यतामा आधारित पत्रकारिताको अपेक्षा किन हुन्छ ? यी र यस्ता सवालको जवाफ सोझो भाषामा खोज्ने हो भने भन्न सकिन्छ कि- कुनै पनि खबरमा सबै जनाको पहुँच पुगोस् वा सबैले सबै खबर पाउने कुराको सुनिश्चितता होस !

तर त्यो खबर सबैसँग पुग्दा खबरको अन्तर्य कत्ति पनि नबिग्रेर पुगोस्, त्यो खबरको विश्लेषण गर्ने अन्तिम अधिकार त्यो खबर प्राप्तकर्तामा सीमित होस्। साथै गलत खबरबाट कोही पनि पीडित हुने र सत्य खबरबाट कोही पनि वञ्चित हुने अवस्था नहोस्।

विद्वान्हरूले पत्रकारितालाई विभिन्न रूपमा परिभाषित गरेका छन्। सूचनाको विश्लेषण सहित त्यसलाई सन्तुलित ढंगबाट सञ्चार उपभोक्तासम्म पुऱ्याउने पूर्ण प्रक्रिया नै पत्रकारिता हो भन्ने मतमा आधारित भएर नै सबै विद्वान्का परिभाषा बनेका हुन्।




पत्रकारिता केवल सूचना संकलन गरेर जस्ताको तस्तै प्रस्तुत गर्ने काम मात्र होइन। यदि कच्चा सूचना वा तथ्याङ्कलाई मात्रै बाहिर ल्याउने हो भने त्यो सूचनाको संग्रह मात्र हुन्छ, जसले सर्वसाधारणलाई अलमलमा पार्न सक्छ, विशेष लाभ दिन सक्दैन। सूचनालाई संश्लेषण गरेपछि मात्र त्यो उपयोगी, अर्थपूर्ण र विश्वासिलो समाचार बन्दछ।

जसरी विभिन्न कच्चा पदार्थलाई सही मात्रामा मिसाएर, प्रशोधन गरेर मात्र उपयोगी वस्तु बन्छ, त्यसैगरी छरिएर रहेका तथ्य, तथ्याङ्क र विचारहरूलाई एकत्रित गरी, तिनको अर्थ र प्रभाव स्पष्ट पार्दै समाजसामु पस्कनु नै सूचनाको संश्लेषण हो। त्यसैले 'सूचनाको संश्लेषणको पूर्ण प्रक्रिया नै पत्रकारिता हो' भन्ने मतमाथि विद्वान्हरूको साझा धारणा बनेको पाइन्छ।

यो कुराले के देखाउँछ भने सूचना प्रवाहको माध्यम जेसुकै भए तापनि पत्रकारिताको अभ्यास र महत्व सधैं उस्तै हुन्छ र हुनुपर्ने हो। सूचनाको संश्लेषण सहितको सामग्री नै समाचार हो भन्ने कुरामा सहमत हुने हो भने त्यो समाचार कसैका लागि उपयोगी हुनै पर्छ। त्यसको प्रभाव समाज र यसका अङ्गहरूमा पर्नैपर्छ।

मानिसलाई एक पटक सोच्नका लागि प्रेरित गर्ने ताकतका साथ त्यो समाचार अडिन सक्नुपर्छ। नयाँ केही गर्न चाहनेका लागि, यथास्थितिबाट अगाडि बढ्न चाहनेका लागि त समाचार सबैभन्दा ठूलो ऊर्जा हुन सक्नुपर्छ। रचनात्मक र ऊर्जाशील बाटोलाई अझ फराकिलो बनाएर सुरक्षित यात्रामा हिंडाउन सक्ने सारथी हुनुपर्छ समाचार । यस्तो अपेक्षा पनि गरिएको हुन्छ पत्रकारितासँग।

'यदि मलाई सरकार विनाको समाचारपत्र वा समाचारपत्र विनाको सरकारमध्ये एक रोज्न दिइयो भने, म अलिकति पनि नहिचकिचाई दोस्रो (सरकार विनाको समाचारपत्र) नै रोज्नेछु'–अमेरिकाका तेस्रो राष्ट्रपति थोमस जेफर्सन, जो अमेरिकी स्वतन्त्रताको घोषणापत्रका मुख्य लेखक थिए, उनको यो भनाइले के स्पष्ट पार्छ भने एउटा स्वतन्त्रताको पक्षधर शासकको पत्रकारितासँग निकै नै अपेक्षा रहन्छ।

त्यसैगरी बीपी कोइरालाले दुईतिहाइको सरकार सञ्चालन गर्ने अवसर पाउँदा पनि पत्रकारहरूलाई बोलाएर 'मेरो सरकारको कामकारबाहीको आलोचना नियमित लेखिदेऊ, ताकि म सच्चिँदै राम्रो काम गर्ने अवसरबाट लाभान्वित हुन सकूँ' भनेका थिए। उनको यो अपेक्षाले के देखाउँछ भने सरकार र नागरिक बीचको सन्तुलन भत्कन नदिन र सरकारलाई जवाफदेही बनाउनका लागि एउटा लोकतान्त्रिक शासकले पत्रकारितासँग बलियो र महत्वपूर्ण अपेक्षा राखेको हुन्छ।

तर एउटा तानाशाहले आफ्नो महत्वाकांक्षाको यात्रा तय गर्न थाल्दा सबैभन्दा ठूलो शत्रु स्वतन्त्र प्रेसलाई नै देख्ने गर्दछ। तानाशाह वा अधिनायकवादी शासकहरूले आफ्नो सत्ता जोगाउन, सत्यलाई दबाउन र नागरिकको चेतना नियन्त्रण गर्न खोज्छन्। तर स्वतन्त्र प्रेसले शासकका गलत क्रियाकलाप, भ्रष्टाचार र दमनलाई सार्वजनिक गरिदिन्छ। त्यसैले, आफ्नो महत्वाकांक्षा र निरङ्कुश शासनको बाटोमा सबैभन्दा ठूलो तगारो तानाशाहहरूले स्वतन्त्र प्रेसलाई नै देख्छन्।

चाहे २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन हातमा लिएपछि सबैभन्दा पहिला मिडियामाथि पूर्ण प्रतिबन्ध र सेन्सरसिप लगाएको घटना होस् वा सन् १९३० को दशकमा जर्मनीमा एडोल्फ हिटलरले सत्ता सम्हालेपछि सबैभन्दा पहिले स्वतन्त्र पत्रपत्रिकाहरू बन्द गराएर राज्यको नियन्त्रणमा लगेको सन्दर्भ नै किन नहोस्; यी घटनाहरूले तानाशाह शासकहरूको मनोविज्ञान बुझ्न मद्दत गर्छन्।

हिटलरले त जोसेफ गोयबल्सको नेतृत्वमा प्रचार मन्त्रालय बनाएर आफ्नो विचारसँग नमिल्ने पुस्तक र पत्रपत्रिकाहरू जलाउन समेत लगाएका थिए भने स्वतन्त्र पत्रकारहरूलाई जेल हालिएको र देश निकाला गरिएको थियो। यी सबै सन्दर्भको निचोड के हुन्छ भने पत्रकारिता विनाको अवस्थाको अपेक्षा तानाशाह र निरङ्कुश शासकले मात्र गरेका हुन्छन्।

लोकतान्त्रिक सत्ता र आम नागरिकको अपेक्षा स्वतन्त्र पत्रकारितासँग महत्वपूर्ण र समान रूपमा हुने गर्दछ। वर्तमान अवस्थामा प्रविधिको उच्च र अनपेक्षित विकासपछि समाचार प्रवाहका माध्यमहरू धेरै भएका छन्। तर ती माध्यमबाट प्रवाहित भइरहेका सबै सामग्री समाचार होइनन्। पत्रकारिता हुनका लागि निश्चित प्रक्रिया, मान्यता, जवाफदेही र जिम्मेवारीबोध पनि सँगसँगै हुने गर्दछ। पत्रकारिताले आफ्नो सीमाभित्र रहेर समाजमा बहसको सिर्जना गर्छ, कसैको वाह्वाहीमा आफूलाई सीमित गर्दैन।

कुनै विषय उठ्यो भने त्यसप्रतिको सबैथरीको धारणालाई समान स्पेस दिन्छ। बहसमा विज्ञहरूलाई पनि सहभागी गराउँछ। सामान्य उपभोक्ता-अनुभवीको कुराका लागि पनि समान स्पेस दिन्छ। बहस नबरालियोस् भनेर आफ्नो सम्पादकीय नीति निर्माण गर्छ।

यसरी सबै पक्षको आवाजलाई सबैका सामु राखिदिन्छ, जसले गर्दा अरूहरूलाई पनि आफ्नो धारणा बनाउन सहज हुने गर्दछ। तर तानाशाहहरूले यो बुझ्दैनन्, उनीहरूलाई एकोहोरो वाह्वाही चाहिन्छ। त्यसो भएन भने मिडियाप्रति निर्मम हुन्छन् र आफ्नो नियन्त्रणको सूचना प्रवाहको संयन्त्र निर्माण गर्छन्। त्यो संयन्त्रले पत्रकारिता गर्छ कि गर्दैन थाहा हुँदैन, तर तानाशाहको मन भने पक्कै जित्न सक्छ।

नेपाली पत्रकारिताले यी सबै उतारचढावहरू व्यहोरिसकेको छ। अब त त्यस्तो भोग्नुपर्दैन भनेर ढुक्क भएको नयाँ पुस्ता फेरि भयभीत हुन पुगेको छ वर्तमान सरकारका गतिविधि देखेर। राजाले सञ्चार संस्थामा आर्मी पठाएको र टेलिफोन अवरुद्ध पारेको घटनालाई कथाका रूपमा श्रवण गर्ने पुस्ताले आफ्नै आँखाले देख्यो- व्यवधानका कति धेर तरिका हुँदा रहेछन् कि सञ्चार संस्थाका कार्यालय अगाडि नै बाटो छेकेर गाडी पार्किङ गर्न समेत राज्य संलग्न भयो।

# तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## मिडियाप्रति..........

त्यति मात्रै होइन, सरकारी सूचनामा नागरिकको पहुँच सुनिश्चित हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यतालाई नै भत्काएर सरकारी सूचना सरकारी सञ्चारमाध्यमलाई मात्र दिने निर्णय गऱ्यो। यो निर्णय गर्दा अपरिपक्वता त देखियो नै, हामीले अभ्यास गरिएका कानून र संविधानका ५ वटा प्रावधान समेत बेवास्ता गरियो। 'कानूनको प्रावधानभन्दा शासकको हुकुम ठूलो' यो कुन अवस्थामा हुन्छ भन्ने कुराको अनुमान लगाउन कोही कसैलाई पनि समस्या हुँदैन।

अहिलेको अर्को ठूलो सन्दर्भ त एकोहोरो सञ्चारको अभ्यासमा स्वयं शासकहरू नै लाग्ने खतरनाक पक्ष हो। मिडियाप्रति नकारात्मक धारणा पैदा गर्ने र आफ्ना निजी नियन्त्रणका संरचना मार्फत आफू अनुकूलको सूचना प्रवाह गर्ने नयाँ तर निकै नै खतरनाक प्रवृत्ति फस्टाउँदैछ। प्राविधिक भाषामा भन्नुपर्दा एल्गोरिदमको आधारमा आफ्नो पक्षमा धारणा बनाउने चाहना नयाँ भनिनेहरूमा नै धेरै देखियो।

हालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) ले कुनै बेला एउटा अन्तर्वार्तामा भनेका थिए- उनले हिटलरलाई भेट्न पाए भने सोध्नेछन् कि, 'तिमीले यति धेरै मानिसलाई एकै प्रकारले तिमीले जसरी नै सोच्ने कसरी बनायौ?' उनको यो इच्छा र अहिले एल्गोरिदममाथिको विश्वासलाई एकै ठाउँमा राखेर हेर्ने हो भने वर्तमान सत्ताको सम्पूर्ण यत्न-प्रयत्न जिम्मेवार मिडियालाई कमजोर बनाउँदै आफू अनुकूलका सूचना संयन्त्रहरूमाथि नै भर पर्ने अवस्थाको निर्माणका लागि भइरहेको छ भन्न सकिन्छ। मिडियाको व्यवस्थापन र नियमनका लागि अझै पनि काम गर्नुपर्ने अवस्था छ। कानून निर्माणको चरण नै पार भएको छैन।

कानून निर्माणका लागि पैरवी गरिरहेको र मिडियासँग जोडिएका मुद्दाहरू उठाइरहेको नेपाल पत्रकार महासंघका अनुसार अहिलेका सञ्चारमन्त्री कुरा सुन्दैनन्, कुरा राख्नेलाई हप्काउँछन्। शासकहरूमा परिपक्वताको पूर्ण अभाव छ। 'कानून मैले ल्याउँछु, बजेट उहाँले ल्याउनुहुन्छ' कानून मन्त्रीले ठेकेदारी शैलीमा यस्तो अभिव्यक्ति दिन्छिन्। पत्रकारले बजेट नपढेरै बोल्छन् भन्ने अभिव्यक्ति अर्थमन्त्रीको आउँछ। पढेका उनले शिक्षा, स्वास्थ्यमा समेत कर लगाउँछन्। प्राकृतिक विपत्तिले हायलकायल भएको बस्तीमा गएर 'गाउँ नै सार्दिऊँ त ?' भन्दै सांसदहरूले प्रस्ताव गर्छन्। मेयरको सरुवा गर्ने कुरा गर्छन्। नेपालले पनि भारतको जग्गा मिचेको छ भन्ने प्रधानमन्त्री छन्। नयाँका नाममा राजनीति र सत्तालाई यस्तो अपरिपक्व ढङ्गले अभ्यास गर्दैगर्दा त्यसलाई परिपक्वतातर्फ लैजानका लागि प्रेरित गर्ने, बहस चलाउन र आवश्यकता अनुसारको दबाब दिने दायित्व जिम्मेवार मिडियाको हो।

थोमस जेफर्सन, बीपी कोइराला, कार्ल मार्क्स, महात्मा गान्धी लगायत विश्वकै ध्यान खिच्न सक्ने गरी राजनीति र सत्ता सञ्चालन गरेका तथा दर्शन दिएकाहरूले मिडियाप्रतिको आफ्नो बेजोड अपेक्षालाई सैद्धान्तीकरण गरी प्रस्तुत गरे। यो हाम्रो देशका राजनीति गर्ने र सत्ता चलाउनेहरूका लागि पनि एउटा सिकाइ हुनुपर्ने थियो। तर विडम्बना मिडियामा काम गरेर, मिडिया नै पढेर र मिडियाकै साथ लिएर सङ्गठित भएको नयाँ पार्टी सरकारमा गएपछि मिडिया बुझ्दै नबुझेको झैं गरी प्रस्तुत हुनु र सार्वजनिक मिडियामाथि आतङ्क सिर्जना गर्ने विभिन्न उपाय खोज्नेतर्फ लाग्नु आफैंमा आश्चर्यको कुरा हो।

सुनिंदैछ कि- सरकारको सचिवालयबाट र पार्टीको संलग्नतामा ७ हजारभन्दा बढी त फेसबुक पेज मात्रै सञ्चालनमा छन् रे ! प्रधानमन्त्री र मन्त्रीको 'सवारी'मा नियमित खटिने सूचना प्रवाहका निश्चित संयन्त्रहरू छन्। संसद्मा पत्रकारको उपस्थितिलाई खुम्च्याइँदै लगिएको छ। यी सबै कुराहरू आफ्नो अनुकूलको मात्र सूचना प्रवाह होस् भन्नेमा पार्टी र सरकार दुवै एक ठाउँमा छन् भनेर अनुमान लगाउन सहजै सकिन्छ।

पत्रकारिताले संसारभर अहिले नवीन चुनौतीको सामना गर्दैछ। प्रिन्ट मिडियाको भविष्यको चिन्ता गरिंदैछ। टेलिभिजनहरू हेर्नै छाडे भनेर चिन्ता गरिन्छ। प्रविधिको उपलब्धताले आमसञ्चारका उपभोक्ताको ध्यान जिम्मेवार मिडियाबाट तानेर निर्देशित, नियन्त्रित मिडियामा सारिंदैछ। एल्गोरिदमको संस्कृति चरमचुलीमा पुग्दैछ।

एकोहोरो सूचनाका आधारमा विकास हुने नयाँ पुस्ताको मनोविज्ञानले भोलिको समाज र राष्ट्र कस्तो बाटोमा जाला ? यी गम्भीर र दीर्घकालीन मुद्दाहरूमाथि प्रशस्त छलफलको जरुरत छ। तात्कालिक समस्याका रूपमा श्रमको समस्या, विज्ञापनको कमिसनको समस्या, पारदर्शी लगानीको सन्दर्भमाथि पनि प्रशस्त छलफल गरेर व्यवस्थापकीय क्षेत्रमा सुधार ल्याउनुपर्नेछ भने कतिपय कानून निर्माण र परिमार्जनको आवश्यकता पनि छ।

मिडियाको जगमा बनेको पार्टी र मिडियाकै बलमा बहुमत ल्याएको सरकार निर्माण भइसकेपछि यी सवालहरूमा तुलनात्मक रूपमा अघिल्ला सरकारभन्दा व्यवस्थित बहस होलान् भन्ने अपेक्षा तुहिएको छ।

सिंढी चढेर माथि पुगेपछि त्यो सिंढीलाई भत्काइदिंदा कसरी ओर्लने भन्ने हेक्का राख्नुपर्छ। मिडियाकै बलमा प्राप्त विरासतको अभ्यास गर्दैगर्दा मिडियाप्रति यो ढङ्गको अनुदार बन्न न त नैतिकताका दृष्टिले उचित होला, न विरासत उल्टिएको दिन स्वतन्त्र विचार राख्ने माध्यम नै उपलब्ध होला। यो हेक्का वर्तमान नेपाली शासकहरूले समय छँदै राखे राम्रो हुनेछ।

*(लेखक नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हुन् ।)*

# एआईले गर्दा जागिर गुमाएपछि पेसा बदलेका चिनियाँ महिला

एआईले प्रविधि उद्योगलाई तीव्र रूपमा परिवर्तन गर्दै आफूजस्ता 'प्रोग्र्यामर'हरूलाई असान्दर्भिक बनाउँदै गएपछि एलिस हुआङले भिन्न बाटो रोजिन्। उनले कीबोर्डका ठाउँमा 'पावर टूल' अर्थात् घरायसी मर्मतसम्भारका औजार समातिन् र मे महिनामा महिला कामदारहरू मात्रै राखेर "छिआङछिआङ विमिन वर्कर्स" नामको घरायसी मर्मत सेवा सुरु गरिन्।



दक्षिणी चीनको एउटा कार्यालयमा १५ वर्षसम्म काम गरेर व्यवस्थापन तहसम्म पुगेकी हुआङ अहिले भने धापिलो गर्मीमा धुलोले ढाकिएको काम गर्ने पोसाकमा आफ्ना औजार बोकेर एउटा अपार्टमेन्टबाट अर्कोमा पुग्छिन्।

"मैले अवकाश नहुन्जेल प्रविधि क्षेत्रमै काम गर्ने ठानेकी थिएँ। तर कर्मचारी कटौती हुँदा ममाथि कसैले चिसो पानी खन्याइदिएको जस्तो भयो," उनले बीबीसी न्यूज चाइनिजसँग भनिन्।

हुआङले नयाँ काममा हात हाल्दा उनका पाका आफन्तहरू अचम्ममा परे। उनीहरू शारीरिक श्रम गर्न नपरोस् भनेर सधैं उनलाई राम्रोसँग पढ्न प्रेरित गर्थे।

तर उच्च शिक्षा हासिल गरेकी र उमेरले ४० को दशकमा पुगेकी हुआङले आफूसँगै आफ्ना धेरै सहकर्मीहरू एआईको तीव्र विकासका कारण रोजगारीबाट बाहिरिएको देखिन्।

'सिटीब्याङ्क'ले एप्रिलमा गरेको एक अनुमानअनुसार चीनका करिब ९.६ प्रतिशत रोजगारी एआईद्वारा प्रतिस्थापित हुने जोखिममा छन्। त्यो भनेको झन्डै ७० करोड मानिसको काम हो।

विश्वव्यापी रूपमा हेर्ने हो भने प्रविधि क्षेत्रमा महिलाहरूको सङ्ख्या पुरुषको तुलनामा कम छ। 'विमिन टेक नेटवर्क'का अनुसार "वरिष्ठ पदमा कम प्रतिनिधित्व" र "गैरप्राविधिक भूमिकामा अधिक उपस्थितिका कारण" महिलाहरूले जागिर गुमाउने सम्भावना १.६ गुणा बढी हुन्छ।

हुआङका अनुसार पहिले धेरै मानिसहरूले गर्ने काम एआईले केही सेकेन्डमै गर्न सक्ने भएपछि रातारात पूरै विभागहरू रित्तिए।

"प्रविधिको विकासको गति अत्यन्त तीव्र भएको छ र जताततै संस्थागत पुनर्संरचना भइरहेको छ। कहिलेकाहीँ जागिर छाड्नुको विकल्प नै हुँदैन।"

एआईबाट सुरक्षित रहने पेसा खोज्ने क्रममा हुआङ अन्ततः आफ्नो परिवारले पुस्तौंदेखि गर्दै आएको निर्माण र मर्मतसम्भारसम्बन्धी सीपयुक्त पेसामा फर्कने निधोमा पुगिन्।

"त्यहाँ मलाई आफू सफल हुन सक्छु भन्ने लाग्यो किनकि सानैदेखि उहाँहरूलाई काम गरेको हेर्दै हुर्किएकी थिएँ। उहाँहरूका काममा प्रत्येक चरणबारे मलाई राम्रोसँग थाहा थियो।"

### *एक्लै बस्ने महिलाको अर्थव्यवस्था*

यसरी बाटो मोड्ने उनी मात्र एक्ली होइनन्। पछिल्ला दुई वर्षमा शाङ्घाई, शन्जन र सुझोउजस्ता सहरहरूमा महिलाहरूले पुरानो जागिरे जीवन छाडेर एअर कन्डिशनर सफा गर्ने, शौचालयका सामग्रीहरू बदल्ने, पुरानो रङ खुर्कने र बाथरूममा नयाँ टायल लगाउनेजस्ता प्राविधिक काम गर्न थालेका छन्।

"एक जना सङ्गीतकी शिक्षक थिइन्, कतिपय अफिसमा काम गर्थे र केही चाहिँ मिडियामा काम गर्थे," शन्जनको 'जेन जी विमिन वर्कर्स' की लिउ मङयुआनले आफ्ना सहकर्मीहरूबारे भनिन्।

झन्डै एक दशकजति दूरसञ्चार क्षेत्रमा बिताएकी उनले सन् २०२३ मा "व्यावहारिक सीप सिक्नका निम्ति" जागिर छाडन्।

"हातमा प्राविधिक सीप हुँदा आफ्नै खुट्टामा उभिन सकिन्छ। म अन्य महिलाहरूलाई सहयोग गर्न पनि चाहन्छु," उनले भनिन्।

पुरुष कामदारहरूले प्रभुत्व जमाएको यस क्षेत्रमा महिला प्राविधिकहरूले आफ्नो माग तीव्र रूपमा बढिरहेको महसुस गरेका छन्। त्यसमा पनि एक्लै बस्ने महिलाहरू माझ उनीहरूको माग बढ्दो छ।

लिउको अनुमानमा उनीहरूका ९८ प्रतिशत ग्राहक महिला हुन्। तीमध्ये धेरै एक्लै वा अन्य महिलासँग साझेदारीमा बस्छन्।

सेवाबारे सोधपुछ गर्दा उनीहरू प्रायः पैसाबाट कुरा थाल्दैनन्।

"लगभग सबैले सोध्ने कुरा भनेको 'महिला प्राविधिक आउँछन्?' भन्ने हो। उनीहरू महिला नै आउने सुनिश्चित गर्न चाहन्छन्," लिउ भन्छिन्, "उनीहरूको पहिलो चिन्ता सुरक्षाको हो। हामी त्यो बुझ्छौँ।"

आधिकारिक तथ्याङ्कका अनुसार चीनमा एक्लै बस्नेहरूको सङ्ख्या सन् २०२१ मा करिब २४ करोड पुगेको थियो। त्यो भनेको कुल जनसङ्ख्याको १७ प्रतिशत हो।

घरजग्गा कारोबार प्ल्याट्फर्म 'बेइक'को अनुसन्धानअनुसार सन् २०३० सम्ममा करिब ३० प्रतिशत घरधुरीमा एक जना मात्र बस्ने ठानिएको छ।

उक्त परिवर्तनको एउटा प्रमुख कारण शिक्षित सहरी महिलाहरूले ढिलो विवाह गर्ने प्रवृत्ति हो।

यो वर्गको बढ्दो सङ्ख्यासँगै उनीहरूका आवश्यकतालाई ध्यानमा राखेर विभिन्न किसिमका सेवाहरू पनि विस्तार भएका छन्। सँगसँगै कैयौँ उद्यमशील महिलाहरू पहिले पुरुषको वर्चस्व रहेका 'राइड हेलिङ', 'फूड डेलिभरी' र अहिले झन् घरको मर्मतसम्भारसम्बन्धी पेसामा समेत प्रवेश गरिरहेका छन्।

चीनसम्बन्धी विषयमा शोध गरिरहेकी मिशिगन विश्वविद्यालयकी समाजशास्त्री झोउ युनका अनुसार एक्लै बस्ने महिलाको अर्थव्यवस्थाले महिलाहरूबीच आपसी सहयोगको वातावरण सिर्जना गर्न सक्छ। यसको जरो समाजमा रहेको गहिरो असुरक्षाको भावनामा पनि छ, जहाँ महिलाहरू आफ्नो शारीरिक सुरक्षाबारे निश्चिन्त हुन सक्दैनन्।

सुझोउस्थित महिलाहरूद्वारा मात्रै सञ्चालित एउटा मर्मतसम्भारसम्बन्धी सेवाप्रदायक समूहकी एक ग्राहकले उनीहरूको उपस्थितिले आफूलाई सहज महसुस हुने भएकाले प्राथमिकता दिने गरेको बीबीसीसँग बताइन्।

"उनीहरूले सुत्ने कोठामा काम गरिरहेका बेला म निर्धक्क भएर बैठक कोठामा आफ्नो काम गर्न सक्छु।"

त्यति मात्र नभई उनले ती कामदारले फर्निचर फोहोर नहोस् भनेर छोपिदिएका पनि देखिन्। उनका अनुसार काम सकिएपछि उनीहरूले सबै सामान पहिलेको ठाउँमा राखिदिन्थे र भुइँ पनि सफा गरिदिन्थे।

"बत्ती ठिक भयो भन्ने कुरा मात्र हैन, झारा टार्ने हिसाबले व्यवहार भएको मलाई महसुस भएन," उनले भनिन्।

### *विभेद, लाञ्छना र रूढिवादी धारणा*

हुवाङ आफूले सेवा थालेको केही समयमै आएको कामको अत्यधिक माग र ग्राहकहरूको विविध प्रकारका खाँचोहरू देखेर छक्क परिन्।

"ग्राहकहरूले यस्तो भन्थे : 'म कतै भ्रमणमा जाँदै छु। मेरो घरमा एउटा बिरालो छ। तपाईंका कुनै महिला कामदार आएर त्यसको हेरचाह गरिदिन सक्छिन्?' वा 'मेरी आमा वृद्ध हुनुहुन्छ। म काममा व्यस्त छु र उहाँलाई घरमा एक्लै छाड्न सहज लाग्दैन। कोही आएर सहयोग गर्न सक्छ?'," उनले भनिन्।

"त्यसपछि हामीले सुरुमा कल्पना गरेकोभन्दा धेरै तरिकाले मानिसहरूलाई सहयोग गर्न सकिने महसुस गऱ्यौं।"

त्यस्ता टोलीका सदस्यहरू सुरुमा व्यावहारिक सीपबाट आम्दानी गर्ने अवसरका लागि यस क्षेत्रमा आएका हुन सक्ने भए पनि कतिपयले महिला ग्राहकहरूसँग विकास भएको सम्बन्ध र आत्मीयताका कारण समयक्रमसँगै एउटा विशेष उद्देश्यबोध पनि भएको बताए।

तर लैङ्गिक विभेद, सामाजिक लाञ्छना र रूढिवादी धारणासँग समेत सङ्घर्ष गर्नुपर्दा उनीहरूले आफूलाई सक्षम प्रमाणित गर्न निकै मेहनत गर्नुपर्छ।

उनीहरूको क्षमता र प्रतिबद्धतामाथि प्रश्न उठाउँदै अनुभवी पुरुष मिस्त्रीहरूले प्रशिक्षण दिन अस्वीकार गरेको अनुभव पनि उनीहरूसँग छ।

त्यसैले धेरैजसो महिलाहरूले आफैँ सिकेर दक्षता हासिल गरेका छन्।

एक पटक लिउको समूहका दुई प्राविधिक एअर कन्डिशनर सफा गर्ने काममा गएका थिए। शारीरिक हिसाबले ती साना थिए। उपकरण खोल्न सामान्यभन्दा बढी समय लागेपछि ग्राहकका आमाबुवाले संशय गर्न थाले : "उनीहरूलाई यो काम गर्न त आउँछ? के यी साँच्चै व्यावसायिक हुन?"

तर केही घण्टापछि काम सकिएसँगै उनीहरूको रबैया पूरै बदलियो। ग्राहकका वृद्ध बुबाले त उनीहरूको कामको खुलेर प्रशंसा गर्दै भने, "यी महिलाहरूले त अझ राम्रोसँग सफा गरेका रहेछन्। म अर्को पटक पनि यिनीहरूबाटै सेवा लिन्छु।"

लिउलाई आफूले पेसा परिवर्तन गर्दा वृद्ध आमाबुवाले के ठान्लान् भन्ने चिन्ताले लामो समयसम्म सतायो। त्यसैले महिनौँसम्म उनीहरूसामु कुरा खोल्न सकिनन्।

"सुरुमा उहाँहरूले दुःख मान्नुभयो," उनले भनिन्, "लामो समय बाहिर काम गर्नुपर्ने र शन्जनभरि औजार बोकेर हिँड्नुपर्ने भएकाले यो काम गाह्रो भएको ठान्नुभयो।"

"तर समयक्रमसँगै उहाँहरूले ग्राहकहरूबाट आएका सकारात्मक प्रतिक्रियाहरू देख्नुभयो। शारीरिक रूपमा थकाइ लाग्ने काम भए पनि मेरो मानसिक अवस्था दिनप्रतिदिन राम्रो हुँदै गइरहेको पनि महसुस गर्नुभयो।"

उनीहरू अझै पनि कार्यालयको कामलाई बढी "सम्मानजनक" ठान्छन् तर लिउको व्यवसायले प्रतिष्ठा आर्जन गर्दै जाँदा र अन्य महिलाहरूले पनि अवसर पाएको देख्दा उनीहरूको सोच बदलिँदै गएको छ।

"हिजोआज आमाले मलाई एकदमै साथ दिनुहुन्छ," उनले भनिन्।

"कहिलेकाहीँ त काममै पनि सघाउनुहुन्छ। म एअर कन्डिशनर सफा गरिरहेकी छु भने उहाँ मुनि उभिएर मलाई आवश्यक औजारहरू समाउन दिनुहुन्छ।" साभार: बीबीसी/नेपाली

बिहानको सुरुवात ताजा समाचारसँगै । बिहान-बिहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# चिकित्सकका माग सम्बोधन गरी सेवा सुचारु गर्न गगन थापाको आग्रह

दैनिक समाचारदाता

काठमाडौं, १२ साउन । नेपाली कांग्रेसका सभापति गगन थापा ले आन्दोलनरत चिकित्सक तथा स्वास्थ्यकर्मीका माग तत्काल सम्बोधन गरी स्वास्थ्य सेवा सुचारु गर्ने वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन्।

वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको आक्रमण तथा अस्पतालमा भएको तोडफोडप्रति गम्भीर ध्यानाकर्षण गराउँदै उनले नागरिकको जीवन रक्षामा खटिने स्वास्थ्यकर्मी आफ्नै कार्यस्थलमा असुरक्षित हुनु र उपचारकै क्रममा दुर्व्यवहार तथा भौतिक आक्रमणमा पर्नु कुनै पनि सभ्य समाजका लागि स्वीकार्य नहुने बताएका छन्।



चिकित्सकहरूको आन्दोलनका कारण उपचारको पर्खाइमा रहेका हजारौं बिरामी प्रभावित भएको उल्लेख गर्दै थापाले यस समस्याको तत्कालीन मात्र होइन, दीर्घकालीन समाधान खोज्न पनि ढिलाइ गर्न नहुने बताएका छन्।

सामाजिक सञ्जालमार्फत जारी वक्तव्यमा उनले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ ( संशोधनसहित) कार्यान्वयनमा रहेकाले घटनामा संलग्न दोषीलाई कानुनबमोजिम कारबाही गर्न र वार्ताका क्रममा दुर्व्यवहार गर्ने अधिकारी तथा प्रहरीमाथि निष्पक्ष छानबिन गर्न सरकारसँग माग गरेका छन्।

त्यसैगरी, नेपाल चिकित्सक संघ तथा स्वास्थ्यकर्मीहरूसँग तत्काल संवाद गरी उनीहरूको पेशागत सुरक्षासम्बन्धी माग सम्बोधन गर्न, ओपीडीसहितका स्वास्थ्य सेवा यथाशीघ्र सञ्चालन गर्ने वातावरण बनाउन सरकारले विशेष पहल गर्नुपर्ने उनले बताएका छन्।

थापाले स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकाले यसको संवेदनशीलतालाई ध्यानमा राख्दै हजारौं बिरामीको हितलाई प्राथमिकतामा राख्न आन्दोलनरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई पनि सेवा अवरुद्ध नगरी वार्ता र संवादमार्फत समाधान खोज्न आग्रह गरेका छन्।

# कांग्रेस वरिष्ठ नेता गोपालमान श्रेष्ठको निधन

दैनिक समाचारदाता

काठमाडौं, १२ साउन । नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको ८३ वर्षको उमेरमा निधन भएको छ।

जावलाखेलस्थित हेलिअस अस्पतालमा उपचारका क्रममा मंगलबार उनको निधन भएको हो।

गण्डकी प्रदेशका पूर्वमन्त्री मेखलाल श्रेष्ठले सामाजिक सञ्जालमार्फत श्रेष्ठको निधनको पुष्टि गर्दै उनको पार्थिव शरीर बुधबार बिहान ८ बजेदेखि ११ बजेसम्म श्रद्धाञ्जलीका लागि नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा राखिने जानकारी दिएका छन्।



उनले त्यसपछि शवयात्रासहित पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने बताएका छन्।

कांग्रेस सभापति गगन थापा ले ७ साउनमा गोपालमान श्रेष्ठलाई पार्टीको वरिष्ठ नेतामा मनोनीत गरिएको घोषणा गरेका थिए।

# ११ हजार बचतकर्तालाई ७१ करोड फिर्ता, ऋणीमाथि कडा कारबाही

दैनिक समाचारदाता

काठमाडौं, १२ साउन । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गत आर्थिक वर्षमा विभिन्न समस्याग्रस्त सहकारीका करिब ११ हजार बचतकर्तालाई ७१ करोड रुपैयाँ बराबरको बचत फिर्ता तथा मिलान गरेको जनाएको छ।

समितिले आफ्नो पछिल्लो ९१ दिने कार्यप्रगति तथा भावी कार्ययोजना सार्वजनिक गर्दै सहकारीको बचत अपचलन र ऋण नतिर्ने सञ्चालक तथा ऋणीविरुद्ध कारबाहीलाई तीव्रता दिइएको जानकारी दिएको हो।

समितिका अनुसार गत आर्थिक वर्षमा २१ करोड रुपैयाँ नगद फिर्ता र ५० करोड रुपैयाँ बराबरको बचत मिलान गरी कुल ७१ करोड रुपैयाँ राफसाफ गरिएको छ। हाल ५ लाख रुपैयाँसम्म बचत भएका बचतकर्तालाई प्राथमिकतामा राखेर रकम फिर्ता गर्ने कार्य भइरहेको छ।

समितिले शिवशिखर बहुउद्देश्यीय सहकारीका १ हजार ५०० रुपैयाँसम्म तथा अन्य समस्याग्रस्त सहकारीका १० हजार रुपैयाँभन्दा कम बचत भएका अधिकांश बचतकर्तालाई रकम फिर्ता गरिसकेको जनाएको छ।

त्यस्तै, ज्येष्ठ नागरिक, एकल महिला तथा प्राणघातक रोगबाट पीडित बचतकर्तालाई विशेष प्राथमिकता दिँदै पहिलो चरणमा ४८ जनालाई १२ लाख रुपैयाँ वितरण गरिएको छ।

*ऋणी र सञ्चालकलाई कडा चेतावनी*

समितिले सहकारीको ऋण नतिर्ने ऋणी तथा सञ्चालकलाई कानुनी कारबाहीबाट उम्किन नसकिने चेतावनी दिएको छ।

विज्ञप्तिमा भनिएको छ, “कालले छोड्ला तर सहकारीको ऋण नतिरेसम्म मुक्ति मिल्दैन। यसले आफूलाई मात्र होइन, सन्ततिलाई समेत असर पार्छ। विदेशमा बसेर वा लुकेर पनि सुख पाइँदैन।“

ऋण असुलीलाई प्रभावकारी बनाउन ऋणी, जमानीकर्ता तथा जिम्मेवार कर्मचारीको बैंक खाता रोक्का गर्ने, राहदानी रोक्का गर्ने, कालोसूचीमा राख्ने तथा धितो लिलाम गर्ने प्रक्रिया तीव्र बनाइएको समितिले जनाएको छ। साथै, कर्जा चुक्ता नगरेसम्म सरकारी सेवा(सुविधा रोक्न सम्बन्धित निकायमा पत्राचार गरिएको छ।

ऋण मिलानका क्रममा अनिवार्य १० र २० प्रतिशत नगद दाखिला गर्नुपर्ने व्यवस्थाअनुसार हालसम्म २२ करोड ८३ लाख रुपैयाँ असुल भएको समितिले जनाएको छ। २३ वटा समस्याग्रस्त सहकारीमध्ये नेपाल सहकारी वित्तीय संस्थासहित केही संस्थाको सम्पत्ति व्यवस्थापनका लागि कानुनी प्रक्रिया अघि बढाइएको पनि समितिले उल्लेख गरेको छ।

*कान्तिपुर र गोरखा सहकारीका बचतकर्तालाई साउन तेस्रो सातादेखि भुक्तानी*

समितिका अनुसार कान्तिपुर सेभिङ एन्ड क्रेडिट सहकारी र गोरखा सेभिङ एन्ड क्रेडिट सहकारीका बचतकर्तालाई साउनको तेस्रो सातादेखि रकम फिर्ता गर्न सुरु गरिनेछ।

कान्तिपुर सहकारीका बचतकर्ताले प्रतिव्यक्ति १७ हजार ९४५ रुपैयाँ र गोरखा सहकारीका बचतकर्ताले प्रतिव्यक्ति २५ हजार २४२ रुपैयाँका दरले भुक्तानी पाउनेछन्।

*एक करोड रुपैयाँसम्मको बचत मिलान गर्ने योजना*

समितिले तनहुँ, पोखरा, बागलुङ, बुर्तिबाङ र गोलबजार क्षेत्रका सहकारीमार्टहरूको व्यवस्थापन चालु आर्थिक वर्षको पहिलो त्रैमासभित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ।

यस्तै, साउन १ गतेदेखि ५ लाख रुपैयाँ वा सोभन्दा कमदेखि १ करोड रुपैयाँसम्मको बचत मिलान गर्ने नीति लागू गरिएको जनाएको छ। नेपाल सरकारबाट प्राप्त चक्रीय कोषको प्रभावकारी तथा वैज्ञानिक उपयोगका लागि अध्ययन भइरहेको र सीमित जनशक्तिका बाबजुद प्रविधिको अधिकतम प्रयोग गरेर बचतकर्ताको रकम फिर्ता गर्ने कार्यलाई तीव्र बनाइएको समितिले जनाएको छ।

# २४ घण्टामा विपद्का ४२ घटना, तीन जनाको मृत्यु

दैनिक समाचारदाता

काठमाडौं, १२ साउन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पछिल्लो २४ घण्टामा देशभर विपद्जन्य ४२ घटना भएको र ती घटनामा तीन जनाको मृत्यु भएको जनाएको छ।

प्राधिकरणका अनुसार तीनै जनाको मृत्यु पहिरोमा परी भएको हो।

उक्त अवधिमा सर्पदंशका १२, पहिरोका १२, आगलागीका सात, भारी वर्षाका छ, जनावरको आक्रमणका तीन, बाढीको एक र भूकम्पको एक घटना भएका छन्। यी घटनाबाट देशका ३४ जिल्ला प्रभावित भएका छन्।

प्राधिकरणका अनुसार सर्पदंशबाट १२, पहिरोबाट चार, आगलागीबाट दुई, भारी वर्षाबाट एक तथा जनावरको आक्रमणबाट दुई जना गरी कुल २१ जना घाइते भएका छन्।

विपद्का घटनाबाट करिब १ करोड २२ लाख ४५ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको प्राधिकरणले जनाएको छ।

# मुग्लिन-नारायणगढ सडक फेरि अवरुद्ध

दैनिक समाचारदाता

काठमाडौं १२ साउन । मुग्लिन-नारायणगढ सडक खण्ड फेरि अवरुद्ध भएको छ । उक्त खण्डको खहरे खोला (मुग्लिन नजिकै) सुख्खा पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।

पहिरोका कारण अहिले दुईतर्फ नै सडक अवरुद्ध भएको छ । पहिरो दिउँसो ३ बजे खसेको हो । पहिरो हटाउने काम भइरहेको बताइएको छ ।

यसअघि पनि पहिरो खसेर सडक अवरुद्ध बनेको थियो करिब साढे ४ घण्टापछि सवारी सञ्चालन भएको थियो ।

पहिरो हटाएर सवारी सञ्चालन भएको दुई घण्टापछि पुनः पहिरो खसेर सडक अवरुद्ध बनेको हो ।१२ साउन, काठमाडौं ।

मुग्लिन-नारायणगढ सडक खण्ड फेरि अवरुद्ध भएको छ । उक्त खण्डको खहरे खोला (मुग्लिन नजिकै) सुख्खा पहिरो खस्दा सडक अवरुद्ध भएको हो ।


पहिरोका कारण अहिले दुईतर्फ नै सडक अवरुद्ध भएको छ । पहिरो दिउँसो ३ बजे खसेको हो । पहिरो हटाउने काम भइरहेको बताइएको छ । यसअघि पनि पहिरो खसेर सडक अवरुद्ध बनेको थियो करिब साढे ४ घण्टापछि सवारी सञ्चालन भएको थियो । पहिरो हटाएर सवारी सञ्चालन भएको दुई घण्टापछि पुनः पहिरो खसेर सडक अवरुद्ध बनेको हो ।


## सर्पको टोकाइबाट बचौँ र बचाऔँ

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौँ,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔँ
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔँ,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौँ.
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौँ,
- रातको समयमा बुट लगाएर टर्चलाइट बालेर हिँड्ने गरौँ,
- घरमा सर्प छिर्न सक्ने प्वालहरू बन्द गरौँ.
- झुल लगाएर खाटमा सुत्ने गरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np


‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४